नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(............................ शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :.........................

# प्रेस विज्ञप्ति

आज मिति २०७२/११/१४ गतेका दिन नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूको अध्यक्षतामा चालु आर्थिक बर्षको पूँजीगत खर्चलाई अभिवृद्धि गरी निर्धारित लक्ष्य हासिल गर्ने कार्यमा सघाउ पुऱ्याउने उद्देश्यले सो सम्बन्धमा छलफल गर्न विभिन्न मन्त्रालयका सचिवहरु र सम्बन्धित अन्य पदाधिकारीहरुसंग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बैठक आयोजना भयो । सो बैठकमा एक अर्बभन्दा बढी पूँजीगत बजेट भएका विभिन्न मन्त्रालयका सचिवहरु र अन्य पदाधिकारीहरको उपस्थिति रहेको थियो । उक्त अवसरमा मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूले सबै मन्त्रालयका सचिवले प्रत्येक १५ दिनमा सम्बन्धित मन्त्रालयका योजना महाशाखा प्रमुख र विभागीय प्रमुखहरुसंग बैठक गरी समीक्षा गर्न र सोको प्रतिवेदन मासिक रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आर्थिक तथा पूर्वाधार विकास महाशाखामा पठाउन निर्देशन दिनु भयो। सम्माननीय प्रधानमन्त्रीका प्रमुख सल्लाहकार श्री विष्णु रिमाल र प्रमुख स्वकीय सचिव श्री इन्द्रप्रसाद भण्डारीको समेत उपस्थिति रहको सो बैठकमा मुख्यसचिवज्यूले बेरुजु फछ्र्यौट सम्बन्धमा चालु आर्थिक बर्षका लागि निर्धारित लक्ष्य पूरा गर्ने गरी तदारुकताका साथ काम गर्न समेत निर्देशन दिनु भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

(उत्तरकुमार खत्री)
प्रवक्ता/सहसचिव

फागुन १४, २०७२

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमलेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np